प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : २२३ ।। २०८२ असोज १० गते शुक्रबार (26th Sep 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

छ महिनाभित्र निर्वाचन गराउने आफ्नो दायित्व-प्रधानमन्त्री

झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले बिहीबार राष्ट्रका नाममा पहिलो सम्बोधन गर्दै नेपाली जनताले चाहेअनुसार शासकीय प्रणालीमा परिवर्तन र सुशासनको अपेक्षा पूर्तिसहित छ महिनाभित्र निर्वाचन गराउने आफ्नो दायित्व भएको बताएकी छन् ।

गत भदौ २३ र २४ गतेको जेनजी समूहको आन्दोलन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा निर्वाचन गराउने जिम्मेवारीसहित भदौ २७ गते आन्तरिक सरकार गठन भएको थियो । सरकार गठनपछि प्रधानमन्त्री कार्कीले बिहीबार सिंहदरबारबाट पहिलो पटक राष्ट्रका नाममा सम्बोधन गरेकी हुन् । उनको सम्बोधनअघि विस्तारित मन्त्रिपरिषद्को पहिलो बैठक सिंहदरबारमा सम्पन्न भएको थियो । तोकिएको मिति आगामी फागुन २१ गते स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित रुपमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउन सरकार कटिबद्ध रहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलनका क्रममा संविधान संशोधनको माग उठेको कुरातर्फ संकेत गर्दै उक्त एजेन्डा आगामी २१ फागुनमा हुने नयाँ निर्वाचनपछि हुने स्पष्ट पारेकी छन् ।

उनले अहिलेको अन्तरिम सरकारलाई ६ महिनाभित्र निर्वाचन गर्ने म्यान्डेट प्राप्त भएको भन्दै निर्वाचनपछि संविधान संशोधन सोही सरकारले गर्ने दाबी गरिन् । उनले अहिले प्रतिनिधिसभाको निर्वाचन हुने अनि उक्त निर्वाचनपछि बन्ने सरकारले प्रत्यक्ष कार्यकारीको लागि संविधान संशोधन गर्न सक्ने बताएकी हुन् ।

उनले जेन-जी आन्दोलनको मुख्य माग भ्रष्टाचारको छानबिन भएकोतिर संकेत गर्दै वर्तमान सरकारले छोटो समयमै भ्रष्टाचार भएको कुरा जानकारी पाएकोले छानबिन हुने दाबी गरेकी छन् ।

उनले अलगै आयोग बनाएर वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत कसरी

छानबिन हुन्छ भन्नेबारे विस्तृत सम्बोधनमा खुलाएकी छैनन् ।

प्रधानमन्त्री कार्कीले रोजगारीको सिलसिलामा देशबाहिर रहेका नेपालीलाई विदेशबाट समेत मतदान गर्नसक्ने सम्भावनाको बारेमा छलफल र अध्ययन भइरहेको बताएकी छिन् ।

गृह मन्त्रालयले विदेशमा रहेका नेपालीहरुलाई मतदानको अधिकार दिनेबारे कार्यदल नै बनाएर अध्ययन गरिरहेको छ । रोजगारीको सिलसिलामा देशबाहिर रहेका नेपाली नागरिकलाई विदेशमासमेत मतदान गर्नसक्ने सम्भावनाको बारेमा नेपाल सरकारले निर्वाचन आयोगसँग छलफल गरिरहेको प्रधानमन्त्री कार्कीले जानकारी गराइन् ।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको मर्यादित रोजगारी तथा तीनका हकहितको संरक्षण एवं गैरनेपाली नागरिकले उठाएका संविधानसम्मत मागप्रति वर्तमान सरकार सकारात्मक रहेको उनले सम्बोधनको क्रममा बताएकी हुन् ।

उनले भ्रष्टाचार न्यूनीकरण, सुशासन र सामाजिक न्यायका लागि वर्तमान सरकार दृढ रहेको बताएकी छन्।

प्रधानमन्त्री कार्कीले सरकारका कुनै पनि निकायमा ढिलासुस्ती, भ्रष्टाचारजन्य वा झञ्झटपूर्ण कार्य भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका साथै तीनै तहका सम्बन्धित सरकारी निकायमा उजुरी दिन 'हटलाइन'को प्रबन्ध गरिएको बताइन्।

प्रधानमन्त्री कार्कीले संविधान संशोधनसम्बन्धी मुद्दाको सम्बोधन जननिर्वाचित संसद्बाट गर्न आग्रह गर्दै जेनजी समूहको आन्दोलनको मर्म र भावनाबमोजिम सरकार सञ्चालन गरिरहेको सरकारलाई सहयोग गन सबैसँग आग्रह गरिन्। उनले चालु आर्थिक वर्षअन्तर्गतका स्रोत सुनिश्चित नभएका र टुक्रे आयोजनाका नाममा विनियोजित बजेट खारेज गरिएको जानकारी गराउँदै क्षतिग्रस्त भौतिक संरचना निर्माणका लागि 'पुनःनिर्माण कोष' स्थापना गरिएको बताइन्।

प्रधानमन्त्री कार्कीले परिवर्तित स्थितिमा मनोबन गिराउने खालका काम नगर्न र रुपान्तरित भएर सेवाप्रवाह गर्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीसँग अपिल गरिन्।

'भयरहित निर्वाचन सम्पन्न काम गराउन सरकारले काम सुरू गरिसकेको छ। युवाहरूलाई निर्वाचनमा सहभागिता गराउन सरकारले अध्यादेश पनि जारी गरिसकेको छ। आगामी निर्वाचनमा युवाहरूलाई उत्साहका साथ सहभागी हुन् आह्वान गर्दछु,' प्रधानमन्त्री कार्कीले भनिन्। प्रधानमन्त्री कार्कीले निर्वाचनमा सहभागी हुन राजनीतिक दलहरूलाई पनि आह्वान गरिन्।

उनले यसपटक निर्वाचनमा विदेशमा रहेका नेपालीलाई पनि सहभागी गराउने तयारी गरिरहेको बताइन्। जेनजी आन्दोलनका क्रममा मृत्यु भएका युवा तथा विद्यार्थीहरूको दोषीमाथि कारबाही गर्ने बताएकी छन्।

उनले जेनजी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोड गर्नेहरूमाथि पनि कारबाही गर्ने बताइन्।

उनले निजी सम्पत्तिमाथि भएको आगजनी र तोडफोडको भर्त्सनासमेत गरिन्। सम्बोधनका क्रममा उनले भनिन्, 'यो सरकार दोषीमाथि कारबाही गर्ने प्रतिवद्धता जनाउँछ।'

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा ठूलो धनजनको क्षति भएको थियो। जेनजी प्रदर्शनका क्रममा कम्तीमा ७४ जनाको मृत्यु भयो। सरकारले जेनजी आन्दोलनका क्रममा भएको घटनाको छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो।

अन्तरिम सरकारले सांसद, मेयरसहित राजनीतिक पदाधिकारीहरूका स्वकीय सचिवको सुविधा खारेज गरेको छ। अर्थ मन्त्रालयले केन्द्रका मन्त्रालय, प्रदेश र स्थानीय तहलाई पत्राचार गर्दै राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय भएको हो।

थआन्दोलनमा मृत्यु भएका परिवारलाई १० लाख

झापा(प्रस) । सरकारले 'जेन-जी' आन्दोलनमा ज्यान गुमाएका परिवारलाई १० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने भएको छ । बिहीबारको मन्त्रिपरिषद् बैठकले ज्यान गुमाएका परिवारलाई आर्थिक सहायताबाहेक काजकिरिया, खाना खर्च र यातायात खर्चबापत थप पाँच लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।

मन्त्री खरेलले भने, 'यही भदौ २३ र २४ गते जेन-जी प्रदर्शनका क्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिकका प्रतिपरिवारलाई (भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दी र बालबन्दीबाहेक) १० लाख रुपैयाँको दरले आर्थिक सहायता र काजकिरिया, खाना खर्च र खाना खर्चबापत पाँच लाख रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको छ । भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा हालसम्म ७४ जनाको मृत्यु भएको छ ।'

इप्रका र ट्राफिक प्रहरी कार्यालयको पुनर्निर्माणमा तीव्रता

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा क्षति पुगेको बिर्तामोडको इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको पुनर्निर्माणका लागि सहयोग गर्ने क्रम बढ्दै गएको छ ।

एकपछि अर्को गर्दै सहयोगी दाताहरुले इच्छा व्यक्त गर्दै निरन्तर

सहयोग गरिरहेको पुनर्निर्माण कार्यमा खटिएका विपिन बजगाँईले बताए । अहिलेसम्म करिब ११ लाख रकम संकलन भइसकेको छ । बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष प्रकाश शिवाकोटीबाट १ लाख १ हजार , न्यूटन्स स्कूलबाट १ लाख , कंचनजंघा स्कूलका केशवराज न्यौपानेबाट १ लाख , समाजसेवी राजकुमार पोखरेलबाट १ लाख १ हजार , गोमेन्द्र कलेजका रुपक खनालबाट १ लाख , व्यवसायी प्रदीप मित्तलबाट १ लाख १ हजार , कंगारु एजुकेशनबाट १ लाख ५१ हजार, झापा गोल्डकपबाट १ लाख १ हजार रुपैयाँ संकलन भएको बजगाँईले जानकारी दिए । त्यसबाहेक अन्य धेरैजनाले सहयोग गर्ने वचन दिएका छन् । नगदसँगै निर्माण सामग्री र अन्य जिन्सी सहयोग गर्न सहयोगीहरुले तत्परता देखाएका छन् ।

अहिले इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयमा मर्मत संभारको काम तीव्ररुपमा चलिरहेको छ । दुवै कार्यालयको पुनर्निर्माण गर्न करिब ७० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । पुनर्निर्माण कार्यको पदम श्रेष्ठ , रमेश चौधरी र विपिन बजगाँईले अगुवाई गरिरहेका छन् । जेनजी आन्दोलनका कारण विस्थापित भएको इलाका प्रहरी कार्यालय बिर्तामोड दुई दिनअघि पुनर्स्थापित भएको हो ।

सरकारले शीर्ष नेताहरूको पासपोर्ट रोक्का गर्दै

झापा(प्रस) । सरकारले प्रमुख दलका केही शीर्ष नेताहरूको राहदानी (पासपोर्ट) रोक्का गर्ने तयारी गरेको छ ।

जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र लगायत दलका केही शीर्ष नेताहरूको राहदानी रोक्का गर्ने प्रक्रिया अघि बढाएको हो ।

'जेन-जी आन्दोलन दमनमा संलग्न कार्यकारी नेतृत्व लगायतलाई कानुनी दायरामा ल्याउनुपर्छ भन्ने माग चर्को छ । तत्कालका लागि पासपोर्ट रोक्काकै निर्णय हुनेछ' मन्त्रिपरिषद्सम्बद्ध स्रोतले भन्यो, 'त्यसपछि थप कारबाही अघि बढ्ला ।'

स्रोतका अनुसार, पासपोर्ट रोक्काका लागि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकको नाम किटेरै आएको छ ।

पासपोर्ट रोक्का गर्ने वाचलिस्टमा देउवा र पत्नी आरजु राणा देउवाको नामसमेत राख्ने गृहकार्य भएको उच्च अधिकारीहरूले जानकारी दिए । तिनका अनुसार यसबारे ठोस

निर्णय भने हुन बाँकी छ ।

ती बाहेक अरूको हकमा सम्बन्धित फौजदारी उजुरी र अनुसन्धानको प्रारम्भिक नतिजा हेर्ने भनिएको उनले बताए ।

यसक्रममा शपथलगत्तै काम सुरु गरेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगका पदाधिकारीहरूसँग पनि परामर्श गर्ने सरकारको तयारी छ । प्रधानमन्त्री कार्यालयले राहदानी रोक्काबारे परामर्श गरेर प्रक्रिया समेत अघि बढाएको जनाइएको छ ।

हात्तीको आक्रमणबाट मियाँको वीभत्स मृत्यु

झापा(प्रस) । झापाको बिर्तामोडमा जंगली हात्तीले एकजनालाई वीभत्स ढंगले मारेको छ ।

बुधवार राति बिर्तामोड वडा न.७ खालबारीमा वडा नं . ७ बस्ने बर्ष २७ का सहिल मो. मियाँलाई जंगलबाट आएको एउटा हात्तीले वीभत्स ढंगले मारेको हो । हात्तीले आक्रमण गरी कुल्चिएर उनको आन्द्राभुँडी बाहिर निस्किएको थियो ।

घोप्टो परी मृत अवस्थामा रहेको भनी बिहान ६:२० बजे जानकारी प्राप्त हुनसाथ थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी निरीक्षक रुपेश राईको कमाण्डमा प्रहरी टोली गएको थियो ।

कानुनी प्रकृया पुरा गरी शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

विपद व्यबस्थापन गुल्मका प्रहरी जवानले गरे आत्महत्या

झापा(प्रस) । कोशी प्रदेश प्रहरी कार्यालय बिपद व्यबस्थापन गुल्म चन्द्रगढी झापामा कार्यरत एक प्रहरी जवानले झुन्डिएर आत्महत्या गरेका छन् ।

भद्रपुर नगरपालिका ८ बस्ने सत्यनारायण राजवंशीको घरमा डेरा गरी बस्ने धनकुटा साँगुरीगढी गाउँपालिका ७ घर र इलाका प्रहरी कार्यालय बिराटचौक मोरङ दरबन्दी भई कोशी प्रदेश प्रहरी कार्यालय बिपद व्यबस्थापन गुल्म चन्द्रगढीमा कार्यरत २९ वर्षीय प्रहरी जवान उमेश राईले बुधवार आफू बस्ने कोठाको सिलिङ पंखामा नाइलनको डोरीको पासो लगाई आत्महत्या गरेका हुन् ।

थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय झापाबाट टोली खटिएको छ । उनकी श्रीमती मल्लिका राई पनि प्रहरी जवान हुन् ।

जिल्ला प्रहरी कार्यालयमा रहेका थुनुवाको मृत्यु

झापा(प्रस) ।जिल्ला प्रहरी कार्यालय झापामा रहेका एकजना थुनुवाको मृत्यु भएको छ ।

हाडनाताभित्र पर्नेलाई जवरजस्ती करणी गरेको आरोपमा पक्राउ परी जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका भद्रपुर वडा न.२ बस्ने वर्ष ३९ का थपेन्द्रबहादुर कार्कीको उपचारका क्रममा मृत्यु भएको हो । बुधवार दिउँसो १२ बजे कार्की टाउको सम्बन्धी बिरामी

भएपछि उनलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो ।

त्यहाँ सिटी स्क्यान गराउँदा टाउकोमा रगत जमेको देखिएकोले थप उपचारको लागि बि.पी. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान रेफर गरिएको थियो । उपचारको क्रममा राति १०.१५ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर :मुकेश शाह

रोश्नी ज्वेलर्स परिवार

चन्द्रगढी, (बजार) झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्तेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादर्शै, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

नगर प्रमुख : मेघाहाङ थोप्रा (रोसन)
उप प्रमुख : नरमाया कार्की
प्रमुख प्रशासकीय अधिकृत : सुनिता तुम्बाहाङ्फे

शिवसताक्षी नगरपालिकाको कार्यालय

ब्याङडाँडा , झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

बजरंग मेडिकल एण्ड डाइग्नोष्टिक सेन्टर परिवार

बिर्तामोड, झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

निर्मल भट्टराई

निर्मल स्टोर परिवार

बिर्तामोड, झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

यस. रहमान

होटल आनी एण्ड हेरिटेज प्लाजा परिवार

भद्रपुर, झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : राजकुमार शाह

राज ज्वेलर्स परिवार

बिर्तामोड झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : पुरुषोत्तम अधिकारी
सचिव : बाबुराम कार्की

चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाइ समिति परिवार

चन्द्रगढी, झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

कमल कोइराला /दिपक कोइराला

मानव डेन्टल हस्पिटल परिवार

बिर्तामोड झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : सन्तोष कालिकोटे

स्मृति ज्वेलर्स परिवार

बिर्तामोड, (रत्न सुपर मार्केट)झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रिन्सिपल : खिलराज कोइराला

बीरेन्द्र माध्यमिक विद्यालय परिवार

चन्द्रगढी, झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : सन्दीप शाह

प्रतिक्षा ज्वेलर्स परिवार

बिर्तामोड, (रत्न सुपर मार्केट)झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष :केदार राजवंशी

साना निर्माणकर्मी संघ परिवार

बिर्तामोड झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : अभिषेक गहतराज

श्री मनकामना ज्वेलर्स परिवार

बिर्तामोड, (रत्न सुपर मार्केट)झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : मदन बिश्वकर्मा

मनकामना गहना गृह परिवार

बिर्तामोड, (हनुमान सेन्टर) झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : यमबहादुर बराईली

गजुरमुखी ज्वेलर्स परिवार

बिर्तामोड, (रत्न सुपर मार्केट) झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

पर्यटन घट्न नदिऔं

यतिबेला नेपालमा रहेका विदेशी पर्यटक स्वयम्ले नेपाल पर्यटनका निम्ति सुरक्षित गन्तव्य रहेको सन्देश प्रवाह गरिरहेका छन् । 'नाउ नेपाल' अर्थात् म अहिले नेपालमै छु भन्ने प्ले कार्ड बोकेर हिँडेको तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा छन् । यसले नेपाल पर्यटकका निम्ति सुरक्षित रहेको सकारात्मक सन्देश विश्वभर प्रवाह भइरहेको छ । लाखौँ पर्यटक भित्रिने मुख्य सिजन हो यो । जेनजी आन्दोलनबाट विश्वभरका पर्यटक नेपाल आउन दुविधा हुनु स्वाभाविक हो । यो परिवेशले प्रभावित नेपालको पर्यटन क्षेत्रलाई ब्युउँताउन विदेशी पर्यटक नै नेपाल प्रवर्धनमा जुट्नु राम्रो पक्ष हो । यसलाई नेपालका पर्यटक क्षेत्रका सम्बद्ध सङ्घ संस्थाले सहयोग गर्नु पर्छ । प्रदर्शनका क्रममा केही पर्यटकीय संरचनामा तोडफोड र आगजनी भए र तिनले नेपालको पर्यटकीय छविमा नकारात्मक प्रभाव पनि पाऱ्यो । त्यसो नहुनुपर्ने थियो । भौतिक संरचनामा तोडफोड र आगजनी भए पनि कुनै पनि पर्यटकलाई क्षति भएन, पर्यटकको जनधन असुरक्षित भएनन् । कुटपिट र लुटपाटका दुष्कार्य पर्यटकमाथि हुन पाएनन्, भएनन् । यो परिवेशलाई नेपालमा रहेका विदेशी पर्यटकले नजिकबाट अनुभव गरे । नेपाल भ्रमणमा रहेका विदेशी नागरिकले विभिन्न सामाजिक सञ्जालमार्फत नेपाल भ्रमण सुरक्षित रहेको भन्ने सन्देश उपयोगी छ । यो सन्देश प्रवाहले आशा बढाएको छ । पर्यटकीय स्वयम् भोगाइलाई सामाजिक सञ्जालमा प्रतिविम्बित गरिदिनु ठुलो सहयोग हो । यस्ता कार्यलाई प्रवर्धन गरिनु पर्छ । यस्ता सुकार्य नेपालको पर्यटकीय प्रवर्धनका पुँजी पनि हुन् । विगतमा सामान्य पहिरो खस्दासमेत नेपालको पर्यटन प्रभावित हुने गरेको थियो । जेनजीका नाममा कतिपय घुसपैठबाट भएको ध्वंसात्मक गतिविधिले अब्बल पर्यटीय संरचनामा क्षति हुनु दुःखद घटना मात्र होइन, पर्यटन प्रवर्धनका निम्ति कठिन चुनौती पनि हो ।

कृषि, जलस्रोत र पर्यटन नेपाली अर्थतन्त्रका धरोहर हुन् । नेपालको कृषि उपजलाई अर्गानिक दिशाउन्मुख गर्दै पर्यटकलाई नेपालमै उत्पादित खाद्यवस्तुको बजारीकरण गरिनु पर्छ । जलसम्पदालाई पर्यटकीय बजार विस्तारका आयाम बनाउँदै रोजगारी प्रवर्धनका महत्वपूर्ण माध्यम बनाउन सकिने छ । अहिलेको जटिल अवस्थालाई नेपाल पर्यटन बोर्डले सहजीकरण गर्दै दिगो पर्यटन विकासका आयाम विस्तार गर्नु पर्छ । आन्दोलनका कारण तत्कालीन र दीर्घकालीन असर कम गर्न अन्तर्राष्ट्रिय समुदायलाई नेपाल सुरक्षित रहेको बहुसूचना र जानकारी दिन थप रचनात्मक विधा उपयोग गरिनु पर्छ । अहिले केही चर्चित विदेशी भ्लगर, कन्टेन्ट क्रिएटरका विषयवस्तुमार्फत नेपाल भ्रमण सुरक्षित रहेको सूचना प्रवाहमा मात्र सीमित हुनुहुन्न । त्यसो त पर्यटन बोर्डले पनि थप प्रयास अगाडि बढाएको छ । पर्यटकीय क्षेत्रबाट स्वयम् पर्यटकलाई प्रत्यक्ष प्रसारण गर्न पनि प्रोत्साहन गरिएको छ । हालैको ध्वंसात्मक कार्यका कारण सिजन सुरु हुनै लाग्दा ३७ प्रतिशतसम्म पर्यटन आगमन घट्नु दुःखद हो ।

अशान्त विश्व, शान्तिको प्रयास

• ध्रुवहरि अधिकारी

नेपाल अशान्त छ, छर-छिमेक पनि आफ्नै प्रकारका खेलाबेलासँग जुधिरहेका छन् । बाख्वालाई उसको सिङ भारी, भैंसीलाई पनि उसैको भारी भनेझैं । दक्षिण एसिया (सार्क) सँग आबद्ध मुलुक अफगानिस्तान सन् २०२१ मा अमेरिकी सेना फिर्ता गएपछि पुनः तालिबानको कठोर शासन बेहोर्न बाध्य छ । बंगलादेश राजनीतिक अस्थिरताको चपेटाबाट उम्किन सकेको छैन । श्रीलंका र माल्दिभ्स पनि स्थिर हुन सकेका छैनन् । चार महिनाअघिको 'चारदिने लडाञ्जी' का कारण पाकिस्तानसितको वैमनष्यता घटाउन भारत प्रयत्नशील छ तर ताली एक हातले बज्दैन भन्ने तथ्य सरोकारवालाले बुझेका छन् । पाकिस्तानलाई एकैसाथ अमेरिका र उसको प्रतिस्पर्धी चीनसँग निकट हुने अनुकूल अवसर प्राप्त भएको छ । ऊ हालै मात्र साउदी अरेबियासँग आणविकस्तरको सुरक्षा सन्धि पनि गर्न सफल भएको छ ।

यता भारत चाहिँ व्यापार युद्धको चपेटामा परेका कारण अमेरिकासँग केही टाढा तर चीनसँग केही नजिक भएको देखिन्छ । तथापि रुससँगको परम्परागत मित्रता कायम राखेर चीनसँग पनि सन्निकट हुँदा भारत घाटामा भने छैन । केही साताअघि चीनमा सांघाई सहयोग संगठनको सम्मेलन हुँदा चीनका राष्ट्रपति सी चिनफिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको साथमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रस्ट देखिने गरी खिचिएको तस्बिरले अमेरिकी नेतृत्वको पश्चिमी शिविरलाई झस्काएको छ, जसको झलक राष्ट्रपति डोनाल्ड ट्रम्पका बोली-व्यवहारबाट प्रकट हुँदै आएका छन् । एसिया महादेशमै एकछिन अडिएर हेर्दा म्यान्मा (बर्मा), थाइल्याण्ड, कम्बोडिया, इण्डोनेसिया र फिलिपिन्स कतै छिमेकीका कारण कतै जनआक्रोशबाट प्रभावित देखिन्छन् । स्पष्टै छ, तनाउ र अस्थिरताका कारक आन्तरिक मात्र छैनन् । अन्तर्निर्भरताको यस युगमा जानी-नजानी बाहिरी कारण पनि हाबी भइहाल्दा रहेछन् । अरू त अरू, अमेरिकालाई टक्कर दिने सामर्थ्य भएको चीन पनि समस्यामुक्त देखिँदैन यद्यपि आर्थिक, सैनिक र कूटनीतिक हिसाबले ऊ निकै सबल राष्ट्र हो । जस्तो, औपचारिक स्तरमा 'एक-चीन नीति' कायम राख्दै आएका कतिपय देशले तिब्बत र ताइवानको चर्चा गर्न छोडेका छैनन् ।

हङकङकै विषय पनि विवादमा तान्ने प्रचलन हटेको छैन । अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीलाई भारतमा स्व-निर्वासनमा रहेका दलाई लामा (१४औं) को बधाइ सन्देश आएको चर्चा सेलाएको छैन । पश्चिमाहरूले बेला-बखत 'फ्री टिबेट' को प्रदर्शन गराउन नेपालमा शरण पाएका तिब्बतीहरूलाई उक्साउने गरेका छन् । किनभने तिनले तय गरेको मापदण्ड अनुसारको मानव अधिकार चीनले दिएको छैन अरे ।

परिवर्तित पहल

इजरायलको ज्यादतीले गर्दा पश्चिम एसिया (मध्यपूर्व) आक्रान्त छ । ट्रम्पको अमेरिकाले बलियो टेको दिँदै आएकाले इजरायलको सरकार र सेना उद्दण्ड भएका छन् । सन् २०२३ को अक्टोबरमा

'हमास' का उग्रवादीहरूले इजरायल पसेर १२ सय मानिस मारेको र अढाई सयलाई अपहरण गरी गाजामा लगेर बन्धक बनाएको झोंकमा तत्काल प्रतिकारमा उत्रिनु अनौठो होइन, परन्तु अत्यधिक सैन्यशक्ति प्रयोग गरेर हमास गिरोहमा सामेल नभएका निर्दोष, गैरसैनिक नर-नारी र बाल-बालिकाको ज्यान लिँदै नरसंहारको अभियान चलाउनाले इजरायल बाँकी विश्वबाट चर्को निन्दा र आलोचनामा परेको छ । यतिञ्जेलमा ६५ हजार प्यालेष्टिनीहरू मारिएका छन् । उनीहरूको भूमि अर्थात् प्यालेष्टाइन मिच्ने, हडप्ने दुस्प्रयासबाट प्रधानमन्त्री बेञ्जामिन नेतन्याहु र तिनको सेना पछि हटेको छैन । ट्रम्पको आड पाएको हुनाले होला,अत्याचारको सिलसिला रोक्ने मानसिकता इजरायली शासकहरूमा देखिँदैन । भनिन्छ, नेतन्याहू आफूमाथि लागैआएका भ्रष्टाचारको मुद्दा खेप्नु नपरोस् भनेर राष्ट्रिय सुरक्षाको नाममा प्यालेष्टाइनमाथिका आक्रामक हत्पति गतिविधि बन्द गर्न चाहँदैनन् । अर्को, ७ अक्टोबर २०२३ मा उनका सैनिक र गुप्तचर संयन्त्रले किन हमासको हमलालाई रोक्न सकेनन् भन्ने प्रश्न पनि बरोबर उठ्ने गरेको छ । नेतन्याहूले यस्ता आरोपको खण्डन गर्ने गर्छन् तर तिनको दलिललाई इजरायलकै बासिन्दाले समेत पत्याउन गाह्रो मानेका छन् ।

प्यालेष्टिनी मामिलाबारेको अन्तर्राष्ट्रिय समुदायको आवाजलाई यसरी एकातिर इजरायल लगातार उपेक्षा गर्ने र अर्कोतिर ट्रम्पको अमेरिका त्यस्तो अमानवीय हदमा पुगेको इजरायललाई दुरुत्साहन गर्न नछोड्ने । सैनिक सहायता जारी राख्ने र संयुक्त राष्ट्रसंघमा इजरायलको पक्षमा 'नकारात्मक मत' (भीटो) प्रयोग गरेर युद्धविरामका प्रस्ताव निष्कृय तुल्याइदिने । १८ सेप्टेम्बर (२ असोज) का दिन सुरक्षा परिषद्को बैठकमा डेनमार्कले प्रस्तुत गरेको प्रस्ताव स्वीकृत हुँदो हो त तनाउ मत्थर गर्ने बाटो खुल्ने थियो किनभने सुरक्षा परिषद्को निर्णय सबै पक्षका लागि बाध्यकारी हुन्छ । त्यस प्रस्तावमा गाजापट्टीमा इजरायली सैनिक कारबाही स्थगित गर्ने, हमासले इजरायली बन्धकलाई रिहा गरिदिने र प्रभावित इलाकामा बसेका प्यालेष्टिनीहरूलाई मानवीय सहायता-सामग्री पुऱ्याउन इजरायलले लगाएका रोकहरू हटाइने बुँदाहरू समावेश गरिएका थिए । तर परिषद्का १५ मध्ये १४ सदस्य-राष्ट्र (चार भीटो पावरवाला समेत) प्रस्तावको पक्षमा हुँदा हुँदै पनि अमेरिकाले निर्लज्ज तरिकाले भीटो मत प्रयोग गरेर त्यस सत्प्रासलाई विफल गराइदियो । ज्ञातव्य छ, हालैको परिप्रेक्ष्यमा अमेरिकाले सुरक्षा परिषद्को प्रस्ताव विफल पारेको यो छैटौं पटक हो ।

सांस्कृतिक र भाषिक समेतका आधारमा एउटै पश्चिमा मण्डलीमा रहिआएका निकटस्थ (एलाईज) हुन् तापनि अष्ट्रेलिया, क्यानडा र बेलायतले प्यालेष्टाइनको विषयमा केही महिनायता अमेरिकाको नीतिबाट आफूलाई अलग गराएका हुन् । संयोग भनौं, यी तीनवटै देश राष्ट्रमण्डल (कमनवेल्थ) का सदस्य हुन्–जसलाई एकताको सूत्रमा गाँसेका छन् बेलायतका राजा चाल्सर् तृतीयले । तिनै राजाको निम्तो मान्दै राजकीय भ्रमणमा गत साता ट्रम्प त्यता पुगेका थिए । त्यहाँ उनले बेलायतका प्रधानमन्त्री किएर स्टारमरसँगको वार्तापछि पनि प्यालेष्टिनी प्रश्नमा भने आफू बेलायतसित 'असहमत' भएको जानकारी दिए । अष्ट्रेलिया र क्यानडासँगको असहमति पनि स्वतः प्रकट भइहाल्यो ।

जे होस्, अष्ट्रेलिया, बेलायत र क्यानडाका प्रधानमन्त्रीहरूले आपसमा समन्वय गरेर प्यालेष्टाइनलाई एउटा राज्यको रूपमा मान्यता दिने काम आइतबार (२१ सेप्टेम्बर) संयुक्त राष्ट्रसंघको मुख्यालय, न्युयोर्कबाट गरे । पुर्तगालले पनि त्यसै दिन आफ्नो निर्णय सुनायो । सोमबार फ्रान्सका राष्ट्रपति एमानुएल म्याक्रोबाट मान्यतासम्बन्धी घोषणा भयो । साउदी अरेबिया फ्रान्ससँगै छ । स्पेन नर्वे र आयरल्याण्डले एक वर्षअघि नै प्यालेष्टाइनलाई मान्यता दिने काम गरेका थिए ।

हालसम्ममा राष्ट्रसंघका १९३ सदस्य-राष्ट्रमध्ये १४७ ले प्यालेष्टाइनलाई मान्यता दिइसकेको स्थिति छ । भन्नु परोइन, मान्यताको पक्षमा देखिएका देशका सरकारहरूले आ-आफ्नो देशका जनताको अभिमतलाई आधार बनाएका हुन् । संसारका प्रमुख नगरहरूमा लाखौंलाख नर-नारीको सहभागिता भएका प्रदर्शनमा इजरायलले निमुखा, निर्दोष, गरिब र दीन-दुःखीहरूको हत्या गरिरहेकोमा विरोध जनाएपछि प्रभावशाली देशका सरकारहरू जुर्मुराएका हुन् ।

दीर्घकालीन असर

यता इजरायलको सरकार भने आफ्नो लिंडेढिपी र मुढेबल त्याग्न तयार देखिएन । सन् १९४८ मा राष्ट्रसंघले नै खडा गरिदिएको इजरायल अहिले त्यसैका प्रस्तावहरू लत्याएर मनोमानी गर्दैछ । वरपरका अरब देशहरूसँग मित्रता बढाएर जानुको साटो वैरभावलाई नै बाक्लो पार्न व्यस्त छ । हात-हतियारको प्रयोग गर्नु वा गर्ने धम्की दिनु आफ्नै दीर्घकालीन हितमा छैन भन्ने यथार्थ बुझ्न चाहँदैन । अनि अमेरिका चाहिँ हर-हमेसा यहुदी र इजरायलको मात्र पक्ष लिने गर्छ । यसपल्ट पनि इजरायलको स्वेच्छाचारी प्रवृत्तिलाई प्रोत्साहन गर्दैछ । विगतका केही सम्झौताहरूको आधारमा प्यालेष्टाइनको लागि स्थापित शासकीय संरचना 'प्यालेष्टिनी अथोरिटी' का राष्ट्रपति महमूद अब्बास तथा उनका सहयोगी कर्मचारीहरूलाई राष्ट्रसंघको अधिवेशनमा भाग लिन न्युयोर्क पस्न प्रवेशाज्ञा (भीसा) नदिने वाशिङटनले निधो गऱ्यो । यो प्यालेष्टिन विषयको बहसलाई बिथोल्न गरिएको निर्णय थियो । अब्बासले भीडियोको माध्यमबाट न्यूयोर्कको महासभालाई सम्बोधन गर्नुपर्ने भयो । परराष्ट्रमन्त्री मार्को रुबियो आतङ्ककारीलाई कसरी भिसा दिन

सकिन्छ ? भन्ने शब्दावलीको प्रयोग गरे । हमास आतङ्ककारी भयो भन्दैमा सबै प्यालेष्टिनीहरू कसरी त्यसै कित्तामा पर्छन् ? विवेकशून्य तर्क र बर्बराहटको कुनै उत्तर छैन ।

दुराग्रह र मुढाग्रहको ओखती छैन । अन्यथा बुझ्नुपर्ने हो, 'दुई राज्य' को समाधानको प्रस्ताव फ्रान्सले पहल गर्ने थिएन र अन्य सदस्य-राष्ट्रहरूले समर्थन जनाउने पनि थिएनन् । यथार्थमा, सार्वभौमसत्तासम्पन्न तथा स्वतन्त्र दुई राज्यको परिकल्पना राष्ट्रसंघको स्वीकृत प्रस्ताव नम्बर १८१ बाटै भएको थियो । (२९ नोभेम्बर १९४७) 'प्यालेष्टाइनका लागि विभाजन योजना' भनिने त्यस बखतको दस्तावेजले एक यहुदीबहुल इजरायल र अर्को प्यालेष्टाइन राज्यको प्रावधान थियो । अष्ट्रेलियाका प्रधानमन्त्रीले एन्थोनी अल्बेनिजीले न्यूयोर्क पुगेपछि प्रेसलाई यही कुराको संस्मरण गराउँदै भनेका छन्: दुई राज्यमध्येको एक त इजरायल नै हो नि ।' एकपल्ट प्यालेष्टिनी राज्य किटान भएपछि अनाहक मान्छे मर्ने, मार्ने, अपहरण गर्ने सिलसिला रोकिन्छन् र इजरायल पनि सुरक्षित हुन पाउँछ भन्ने अन्तर्राष्ट्रिय अवधारणा हो ।

आतंकारी भनिएको हमासलाई नयाँ प्यालेष्टाइन राज्यमा कुनै भूमिका नदिने सहमति हुँदा इजरायललाई लाभै हुने हो । अनि बन्धक बनाइएका इजरायलीलाई तुरुन्त रिहा गराउने आश्वासन पनि आइसकेको छ । मुख्य कुरो, निर्दोष मानिसहरू मारिने क्रम रोकिनु पऱ्यो । यसका लागि इजरायलले केही कुरामा सम्झौता गर्नु पर्छ । 'तोकिएको सिमानाभित्र' प्यालेष्टाइन राज्यलाई अस्तित्वमा आउन दिइनु पर्छ । बेलायतका प्रधानमन्त्री किएर स्टारमर भन्छन् : सुरक्षित इजरायलको बगलमा टिकाउ प्यालेष्टाइन हुनुपर्ने हो । तर अहिले हाम्रोसामु न यो छ न त्यो नै । यो दीर्घकालीन हलका लागि प्रकट गरिएको बेलायतको सदाशय हो ।

इजरायली प्रधानमन्त्री नेतन्याहू भने हालको जुझारू मानसिकता त्यागेर व्यावहारिक हुन चाहेको देखिँदैनन् । उल्टो, उनले त प्यालेष्टाइनलाई मान्यता दिने देशका नेताहरूलाई 'आतंककारीहरूलाई पुरस्कृत गर्दैछौ' भनेर आरोप लगाएका छन् । थपमा उनी भन्छन्:- राष्ट्रसंघले वा अन्य देशहरूले चाहना राखे भनेपनि जोर्डन नदीको पश्चिमी किनारा (वेष्ट ब्याङ्क) मा प्यालेष्टाइन राज्य बन्न सक्दैन,सक्दैन । उनले यसो भन्नुको कारण छ-सन् १९६७ को

'छ-दिने युद्ध' मा इजरायलले कब्जा गरेका जमीनबाट फिर्ता हुनुपर्ने भनी सुरक्षा परिषद् बाट प्रस्ताव नम्बर २४२ स्वीकृत भएको थियो । त्यस अनुसार, इजरायलले पश्चिमी किनारा (वेष्ट ब्याङ्क) गाजा र पूर्वी जेरुसेलम छोड्नु पर्ने हो । तर छोडेन । त्यति मात्र होइन, इजरायलले ती स्थानहरूमा बितेका दशकमा यहुदी बस्तीहरू बसालेको छ जसलाई ऊ अहिले आएर खाली गराउन (त्याग्न) सक्दैन । यहाँ छेउ एक विचारणीय पक्ष के छ भने प्यालेष्टाइन पक्ष निर्धारित सिमानाभित्र इजरायलको अस्तित्व स्वीकार गर्छ, तर इजरायल भने आफ्नो वरिपरि प्यालेष्टाइन खडा भएको देख्न चाहँदैन । अति नै असहिष्णु देखिन्छ इजरायल ।

परन्तु परिवर्तित परिस्थितिको धरातलीय यथार्थबाट उम्किन भने यसपालि इजरायललाई गाह्रो छ । अमेरिकी जोडबलमा मात्र कतिञ्जेल धानिएला ? यसै वास्तविकतालाई प्रतिध्वनित गर्दै बीबीसीका कूटनीतिक संवाददाता पल एडम्सले आफ्नो लामो अनुभवको आधारमा लेखेका छन्:-बेलायत, क्यानडा र अष्ट्रेलिया 'परम्परागत रूपमा' इजरायलका निकटस्थ सहयोगी रहँदै आएका देश हुन् । अहिले आएर तिनले एकापसमा मिलेर इजरायलले मन नपराउने गरी कठोर नीति अख्तियार गरेका छन् । यसबारे प्रधानमन्त्री स्टारमरको कथन छः-मध्यपूर्वको भयावह दृश्यबाट आहत भएको विश्वलाई शान्तिको बाटो अझै जीवित छ भनेर आश्वस्त पार्न यो 'दुई देशको समाधान' रोज्नुपरेको हो । गत सप्ताहान्त स्वीकृत 'न्यूयोर्क घोषणापत्र' को अनुमोदन गर्दै यो साता राष्ट्रसंघको मञ्चबाट घन्किएको आवाजलाई ठाडै अस्वीकार गर्नु भनेको इजरायलले आफूलाई विश्वसमुदायबाट झन्झन् एक्ल्याउँदै जानु हो ।

अन्त्यमा

संयुक्त राष्ट्रसंघसामु अन्य जल्दाबल्दा प्रश्नहरू पनि छन् । युक्रेनमाथि रूसको चढाञ्जीले उत्पन्न गरेको मामिला छ, जलवायु परिवर्तनको परिणतिबारे विश्वसमुदायलाई सावधान गराउने उत्तरदायित्व छ । यसका अतिरिक्त राष्ट्रसंघको बडापत्र, सुरक्षा परिषद् को भीटो, कार्यविधि, सचिवालय, शान्तिसेना आदि चर्चामा छन् । राष्ट्रसंघको स्थापना भएको ८० वर्ष पूरा भएको बेलामा यसको बृहत् समीक्षा आवश्यक मानिएको छ । सन् १९४५ मा ५१ देश मात्र सदस्य हुँदाको परिवेशमा यस कालखण्डमा व्यापक अन्तर आइसकेको छ । अहिलेका चुनौतीलाई सम्बोधन गर्न त्यसै अनुपातको तर छरितो संरचना र कार्यशैली अपनाई प्रभावकारी संस्था बनाउने माग सदस्य-राष्ट्रहरूबाट भइरहेको छ । प्यालेष्टाइनको प्रश्न विश्वसंस्था मार्फत गरिएको प्रस्तुतिलाई यसै सन्दर्भमा हेर्न सकिन्छ । यदाकदा टिप्पणीकार हरूले राष्ट्रसंघलाई 'गफाडीको अखडा' सँग तुलना गरेको पनि सुनिन्छ तर यसो सोचौं त, कदाचित् यही अखडा पनि नहुँदो हो त आजको विश्व अझ कति अशान्त र असुरक्षित हुने थियो ।

सुशासनको प्रारम्भिक थालनी

• खुविराम खनाल

सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद अन्त्य नभई देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुँदैन भनी २०६२/६३ सालमा गरिएको जनआन्दोलनको परिणामस्वरूप नेपालको संविधान जारी गरिएको हो । शासकीय संरचनामा आमूल परिवर्तन गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्था भएको मुलुकका रूपमा रूपान्तरण भएसँगै संघ, प्रदेश र स्थानीय तहबाट सार्वजनिक सेवा प्रवाह गरिँदै आएको छ ।

लोकतान्त्रिक शासनव्यवस्थामा सार्वजनिक स्रोतसाधनको सदुपयोग गरिएको छ भन्ने विश्वास आमनागरिकमा दिलाउनु पर्छ । वस्तु तथा सेवा वितरणका मानक र मापदण्डमा एकरूपता कायम गरी सार्वजनिक सेवा प्रवाह गर्नु पर्छ भन्ने मान्यता रहँदै आएको छ । विडम्बना भन्नु पर्छ, नेपालमा योग्यता प्रणालीले भन्दा चाकडी, चाप्लुसी, नातावाद र कृपावादले अत्यधिक स्थान पायो, आफू नै सवथोक हुँ, यो प्रणाली दाता मै हुँ र आफू नभए यो प्रणाली चल्दैन भन्ने मानसिकता बोकेकाहरू नै लामो समयदेखि नेतृत्व तहमा पुग्न सफल भए । यसका विरुद्ध नेपाली जनताले गरेको पटक-पटकको बलिदानीले समेत यो परम्परालाई तोड्न सकेन । नेपालको सार्वजनिक प्रशासनमा पर्दाबाहिरका अदृश्य आत्माहरूले सधै रजगज नै चलाए ।

शासनको बागडोर समालेर बसेका शासकहरूप्रति आमनागरिकको धैर्यको बाँध टुट्न पुग्यो । खासगरी जेनजी पुस्तामा आएको यो हदसम्मको वितृष्णाले गर्दा भदौ २३ र २४ गतेको विद्रोह अदालत जस्तो पवित्र निकायसमक्ष पुग्यो । अदालतका भौतिक तथा अभौतिक संरचना, नयाँ तथा पुराना मुद्दाका मिसिल मात्र नभई हाम्रो न्यायिक इतिहास मेटिने गरी खरानी बनेको हृदयविदारक अवस्था विद्यमान छ । जेनजी पुस्ताको विद्रोहका कारण सर्वोच्च अदालत, विशेष अदालतसहित कतिपय उच्च अदालत र जिल्ला

अदालतसहितमा गरिएको आगजनी र तोडफोडले न्यायिक इतिहास मात्र मेटिएको छैन, हिजोसम्मको न्यायिक उपलब्धिसमेत मेटिएको छ । जेनजी पुस्ताको विद्रोहको दौरान गरिएको आगजनीबाट न्यायालयका भौतिक, अभौतिक तथा न्यायिक संरचनाका दस्ताबेजहरूका साथै न्यायपालिकामा विकास गरिएको मुद्दा व्यवस्थापन सूचना प्रणालीसमेत ध्वस्त भएका छन् ।

सर्वोच्च अदालतलगायत मातहतका अन्य उच्च अदालत, विशेष अदालत तथा जिल्ला अदालतमा पुगेको क्षतिको गम्भीरतापूर्वक समीक्षा गर्दै क्षतिको विवरण सङ्कलन गरी त्यसको परिपूरणमा लाग्न अब ढिला गर्नु हुँदैन । यसका लागि सबैभन्दा पहिले सर्वोच्च अदालतले विकास गरेको मुद्दा व्यवस्थापन प्रणालीको सर्भरसमेत ध्वस्त भएको अवस्थामा हेर्टौंडामा रहेको यसको ब्याकअपमार्फत मुद्दा व्यवस्थापन प्रणालीलाई सुचारु गर्नु आवश्यक छ । यति गर्न सकेमा सर्वोच्च अदालतलगायत आगजनीमा परेका अन्य अदालतमा रहेका सबै मुद्दा हाल कुन के अवस्थामा थिए भन्ने जानकारी सो प्रणालीबाट लिन सकिन्छ । अदालतमा रहेका मुद्दाका कागजातहरूको प्रमाणित प्रतिलिपि मुद्दाका वादी प्रतिवादी र तिनीहरूका कानुन व्यवसायीसँग समेत रहने तथा फौजदारी मुद्दाका मिसिल कागजातका प्रतिलिपि सम्बन्धित सरकारी वकिल कार्यालयमा समेत रहने भएकाले तत् तत् निकायबाट प्रमाण कागजात सङ्कलन गरी मिसिल खडा गर्न सकिन्छ । यसरी सङ्कलन गरिएका प्रमाणित प्रतिलिपिहरूलाई सक्कलसरह मानी मुद्दाको बाँकी सुनुवाइ र कारबाही गर्ने कार्यविधि सर्वोच्च अदालतले अविलम्ब जारी गर्नुपर्ने आवश्यक देखिन्छ ।

अहिलेको सङ्क्रमणकालीन अवस्थामा न्यायाधीश, कर्मचारी, कानुन व्यवसायी र सेवाग्राही सर्वसाधारण सबैले धीरता र संयमता अपनाई आगजनीबाट बचेका नागरिकहरूको अधिकार र अस्तित्वसहितका दस्ताबेजको संरक्षण गर्न जरुरी छ । यसका लागि न्यायाधीश, कर्मचारी, कानुन व्यवसायीलगायत समग्र न्यायकर्मीले हाल विकसित घटनाक्रमबाट न्यायालयलाई पुग्न गएको क्षति सम्झँदा लाग्ने चिन्तालाई थाती राख्दै नागरिकका अधिकार र अस्तित्व

❖ बाँकी तेस्रो पृष्ठमा

सुशासनको...

बोल्ने दस्ताबेजको सङ्कलन र संरक्षणमा ध्यान दिनु जरुरी छ ।

जेनजी पुस्ताको विद्रोहको दौरान देशका कैयौं कारागार एवं बाल सुधारगृहहरू तोडेर हजारौं कैदीबन्दी बाहिर निस्केको हालको अवस्थामा समाज त्रसित र असुरक्षित छ । कारागार तथा सुधारगृहमा रहेका कैदीबन्दीलाई सम्बन्धित कारागार तथा सुधारगृहमा फर्कन कारागार व्यवस्थापन विभागले अनुरोधसमेत गरेको छ । अहिले दुई/चार दिन भागेर समस्या समाधान हुँदैन । कारागारमा रहेका कैदीबन्दीको लगत अदालतमा हुन्छ, कम्प्युटर प्रणालीमा हुन्छ, कारागार विभागमा हुन्छ, प्रहरीको अपराध अभिलेख प्रणालीमा हुन्छ । कैदीलाई थुनामा पठाउँदा कैदी पुर्जी वा थुनुवा पुर्जी इमेलबाट पठाइने हुँदा इमेलमा समेत सुरक्षित हुने भएकाले कानुनलाई छल्ने दुस्साहस कसैले गर्नु हुँदैन । फरार भएका कैदी बन्दीहरूलाई निश्चित समयावधि तोकेर आफैं सम्बन्धित कारागार तथा सुधारगृहमा फर्कन र सो अवधिमा कैदीबन्दी सम्बन्धित कारागार तथा सुधारगृहमा नफर्किएमा कारागार ऐन, २०७९ बमोजिम हुन सक्ने थप सजायको बारेमा समेत जानकारी गराई सूचना जारी गर्नु पर्छ ।

लोकतान्त्रिक शासनव्यवस्थामा न्यायालयलाई सर्वोच्च नैतिक संस्थाका रूपमा लिने गरिन्छ । विधिको शासन, नागरिक अधिकार र स्वतन्त्रताको अन्तिम संरक्षकका रूपमा न्यायालयलाई सम्मान गरिन्छ । पछिल्ला वर्षमा न्यायालयप्रति देखिएको युवाको आक्रोश न्यायपालिकामा रहेको विकृति, न्याय सम्पादनमा गरिएको ढिलासुस्ती जस्ता विषयमा पुनर्मूल्याङ्कन गर्दै अगाडि बढ्ने बेला आएको छ । देशले विषम परिस्थितिमा आवश्यकताको सिद्धान्तका आधारमा आफ्नै मौलिक तरिकाबाट नयाँ प्रधानमन्त्री पाएको छ । नेपालको संविधानले तय गरेको लक्ष्य सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको यात्रा तय गर्नु पर्छ । जेनजीको आन्दोलनले अपेक्षा गरेको विषय पनि यही संविधानको मर्म र भावनामा रहेर पूरा गर्न सकिन्छ । सम्पूर्ण नेपालीले अपेक्षा गरेको विषय पनि संविधानभन्दा बाहिर रहेको छैन । त्यसका लागि शासकीय प्रणाली, राजनीतिक संयन्त्र, न्यायालयलगायतका निकायको महत्वपूर्ण भूमिका हुन्छ ।

प्रतिनिधि सभा विघटन भएको अवस्थामा आगामी फागुन २१ गतेका लागि घोषणा भएको आमनिर्वाचन निष्पक्ष रूपमा सम्पन्न गरी राजनीतिक र संवैधानिक प्रक्रियालाई ट्र्याकमा ल्याउने जिम्मेवारी प्रधानमन्त्री सुशीला कार्कीको काँधमा छ । कार्की नेतृत्वको सरकारले जेनजी आन्दोलनको भावना अनुसार राज्यका सबै निकायमा सुशासनको थालनी गर्नुपर्ने छ । वर्तमान अन्तरिम सरकार गठनको प्रारूपबाटै सुशासनको प्रारम्भिक थालनी भइसकेको पनि छ । युवा आन्दोलनको माग सुशासन र भ्रष्टाचारमुक्त समाज नै हो । यसबाटै जेनजी आन्दोलनको उपलब्धि मापन सुरु हुने छ । जेनजी पुस्ताको मागबमोजिम सुशासन र भ्रष्टाचारमुक्त समाजलाई केन्द्रविन्दुमा राखी दिगो शान्ति कायम गर्न न्यायालयलाई पुनः लयमा फर्काउनुको कुनै विकल्प छैन ।

खाद्यको सेवा स्थानीय तहमा पनि

झापा(प्रस) । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले देशभरका पालिकासँग समझदारी (एमओयु) गरी केही पालिकाबाट कम्पनीका खाद्यवस्तु पालिकामार्फत बिक्री गर्न थालेको छ । कम्पनीले देशभरका उपभोक्ता पालिकामार्फत सहुलियत दरमा खाद्यवस्तु उपलब्ध गराउने उद्देश्यले हालसम्म १०१ पालिकासँग एमओयु गरी तीन वटा पालिकामार्फत सामान बेच्न पनि थालेको छ ।

खाद्य कम्पनीका प्रवक्ता माधव मिश्रले कम्पनीले गत वर्षदेखि नै काठमाडौंको दक्षिणकाली नगरपालिका, भक्तपुरको सूर्यविनायक नगरपालिका, ललितपुरको गोदावरी नगरपालिकाबाट खाद्यान्न बिक्री गर्न थालेको जानकारी दिए । खाद्य कम्पनीसँग खाद्यका सामान बिक्रीका लागि एमओयु गर्नेमा सातै प्रदेश समावेश भए पनि अधिकांश कर्णाली र सुदूरपश्चिम प्रदेशका पालिका छन् ।

कम्पनीले एमओयु भएका पालिकामा अर्को वर्षसम्म बिक्री कक्ष राखेर बिक्री सुरु गर्ने तयारी थालिसकेको जनाएको छ । अधिकांश पालिकाले कम्पनीसँगको एमओयु अनुसार भौतिक संरचना निर्माण गर्न सुरु गरिसकेको कम्पनीले जनाएको छ । खाद्य कम्पनीका अनुसार खाद्य कम्पनी र ती पालिकासँग भएको एमओयुमा खाद्य बिक्री कक्ष र गोदाम घरको भौतिक संरचना सम्बन्धित पालिकाले निर्माण गर्ने र बिक्री कक्षको आन्तरिक संरचना, कर्मचारी र खाद्यवस्तु कम्पनीले गर्ने व्यवस्था छ । कम्पनीले जुन जुन पालिकासँग एमओयु भएर बिक्री कक्ष स्थापना गरेका छन् ती पालिकाका स्थानीयले आफ्नो घरपरिवारलाई बढी भएको खाद्यवस्तु सोही बिक्री कक्षमा बिक्री गर्न सकिने पनि समझदारी छ ।

यी खाद्यको मूल्य र गुणस्तरका विषयमा कम्पनी र सम्बन्धित पालिकाको साझेदारीमा निर्धारण गरिने सो कम्पनीका प्रवक्ता मिश्रले जानकारी दिए । उनका अनुसार पालिकामातहतमा रहने खाद्य कम्पनीका खाद्यवस्तु बिक्री गर्ने व्यवस्थाले सम्बन्धित पालिकामा मूल्य नियन्त्रण र गुणस्तर कायम गर्न सहयोग त पुग्छ नै त्योबाहेक स्थानीय उत्पादनको बजारीकरणमा पनि धेरै सहयोग हुन्छ ।

अर्जुनधाराका वडाध्यक्ष उप्रेतीको पुत्ला दहन

झापा(प्रस) ।झापा अर्जुनधारा -८ का वडाध्यक्ष कुमार उप्रेतीको पुत्ला दहन गर्दै सार्वजनिक रुपमा माफी माग्न चेतावनी दिइएको छ ।

विहीवार साँझ अर्जुनधारा -८ स्थित शनिश्चरे चोकमा लंका रिसोर्टका संचालक उत्सब ढकालको नेतृत्वमा करिब ५० जना स्थानीय युवाहरुको उपस्थितिमा अर्जुनधारा-८ का वडाध्यक्ष उप्रेतीको पुत्ला दहन गरिएको हो । उनले भदौ २४ गते जेनजी आन्दोलनको क्रममा अर्जुनधारा नगरपालिकाका विभिन्न वडा कार्यालयहरुमा भएको तोडफोड तथा आगजनीमा व्यवसायी उत्सब ढकालको संलग्नता रहेको भन्ने आरोप लगाएका थिए । त्यसको विरोधमा उनको पुत्ला दहन गरिएको हो ।

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

पुजा इलेक्ट्रोनिक्स परिवार
बिर्तामोड , झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, बरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

वडा अध्यक्ष : अग्निप्रसाद पाण्डे
बिर्तामोड नगरपालिका १ नं वडा कार्यालय
बिर्तामोड , झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

मेनेजिङ डाइरेक्टर : प्रकाश शिवाकोटी
कर्पोरेटिभ : संजिव ओली
आलस्का अटोमोबाईल्स परिवार
बिर्तामोड , झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रोप्राईटर : किरण पौडेल
केटीएम जिन्स परिवार
बिर्तामोड , झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

मेनेजिङ डाइरेक्टर :सुशिला संग्रौला
पाथिभरा सप्लायर्स एण्ड ट्रेडर्स प्रा.लि.
बिर्तामोड, झापा–०२३५३३९१०

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रिन्सिपल :देवेन्द्र हुमागाँई
न्यूटन्स एजुकेशन फाउन्डेसन परिवार
बिर्तामोड , झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रिन्सिपल : शान्ता गिरी
संचालक : खड्गराज गिरी
हिमाली एजुकेशन फाउन्डेसन परिवार
अर्जुनधारा , झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रोप्राइटर : भगवानजी शाह
सुनिता ज्वेलर्स परिवार
चन्द्रगढी, झापा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५७०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५८०	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबढी भई कामकाजमा असर

वृष भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ